# लेखा परीक्षण

**सुदर्शन पौडेल**
**लेखा अधिकृत, शैक्षिक जनशक्ति विकास केन्द्र**

## लेखसार (Abstract)

सार्वजनिक उत्तरदायित्व प्रवर्द्धनको एउटा माध्यम हो, लेखा परीक्षण । लेखा परीक्षणलाई आन्तरिक र अन्तिम गरी दुई प्रकारमा विभक्त गर्न सकिन्छ । व्यवस्थापन भित्रैबाट गरिने लेखा परीक्षण आन्तरिक लेखा परीक्षण हो भने अन्तिम लेखा परीक्षण बाह्य स्वतन्त्र निकायबाट गरिन्छ । सार्वजनिक स्रोत साधनलाई नियमित, प्रभावकारी र मितव्ययी किसिमले खर्च गर्न लेखापरीक्षणले सहयोग पुऱ्याउँछ । नेपालमा आन्तरिक तथा अन्तिम लेखापरीक्षणमा रहेका कमजोरीहरूलाई संशोधन गरी लेखापरीक्षणको प्रभावकारिता बढाउन आवश्यक छ । यस लेखमा लेखा परीक्षणको जानकारी, प्रकार, उदेश्य, समस्या र समाधानका उपायहरूलाई उल्लेख गरी नेपालको सन्दर्भमा व्याख्या गर्ने प्रयास गरिएको छ । यस लेखबाट कार्यालयमा हुने आर्थिक समस्याहरूलाई निराकरण गर्न सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

## मूख्य शव्दावली

आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण, आर्थिक कारोबार, आर्थिक नियमितता, आर्थिक मितव्ययिता, लेखा अभिलेख, बेरूजु

## विषय प्रवेश

लेखा परीक्षण सार्वजनिक स्रोतको प्रयोगलाई प्रभावकारी बनाउने माध्यम हो । सार्वजनिक स्रोतको प्रयोग नियम कानुनबमोजिम औचित्यपूर्ण तरिकाले भए नभएको बारे आम जनतालाई सरकारले विश्वास दिलाउनुपर्ने हुन्छ । सार्वजनिक स्रोतलाई जनहित तर्फ उन्मुख बनाई जनतालाई सुशासनको प्रत्याभूति दिलाउनु नै आजको आवश्यकता हो । सार्वजनिक स्रोतका मालिक जनता हुन् । सार्वजनिक स्रोतको प्रयोग अनुशासित र मितव्ययी किसिमले हुनुपर्दछ । सार्वजनिक स्रोतको प्रयोग गर्ने अधिकारीहरूमा यसको प्रयोगका सम्बन्धमा जनतासामु जवाफ दिनुपर्ने दायित्व रहन्छ । त्यसैले सार्वजनिक आर्थिक कारोवारहरू अपेक्षित ढङ्गबाट भए नभएको विषयमा जानकारी प्राप्त गर्ने एउटा माध्यम हो लेखा परीक्षण । आर्थिक कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानुनबमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई लेखा भनिन्छ । यस्तो स्रेस्ता र कागजातहरूको जाँच, मूल्याङ्कन तथा विश्लेषण गरी प्रतिवेदन गर्ने कार्यलाई लेखा परीक्षण भनिन्छ । अर्को शब्दमा लेखा परीक्षण भनेको व्यवसायिक दक्षता हासिल गरेका स्वतन्त्र लेखा परीक्षकद्वारा कुनै निकाय वा संस्थाले राखेको लेखा तथा तयार पारेका प्रतिवेदनहरू प्रचलित कानुनबमोजिम ठिकसँग राखिएका छन्/छैनन् र ती प्रतिवेदनहरूले व्यवसायको यथार्थ अवस्थाको चित्रण गरेका छन्/छैनन् भनी स्वतन्त्रतापूर्वक गरिने जाँच हो ।

## लेखा परीक्षणका प्रकार

### (क) आन्तरिक लेखा परीक्षण

व्यवस्थापनद्वारा आफ्नो क्रियाकलापको सङ्गठनभित्रबाट हुने स्वतन्त्र मूल्याङ्कन आन्तरिक लेखा परीक्षण हो । यो आन्तरिक नियन्त्रण कायम गर्नका लागि गरिन्छ । यसले साधनको उपयुक्त, मितव्ययी एवम् कुशल

र प्रभावकारी उपयोगका लागि योगदान दिने सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताबारे परीक्षण, मूल्याङ्कन र प्रतिवेदन गर्दछ । त्यसकारण आन्तरिक लेखा परीक्षणले कुनै निकायको आर्थिक कारोवारहरूको अभिलेख नियमसङ्गत रूपमा राखिएको छ/छैन, खर्चहरू स्वीकृत सीमाभित्रै रहेर गरिएको छ/छैन, आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरिएको छ/छैन, खर्चमा मितव्ययिता अपनाइएको छ/छैन जस्ता विषयमा सम्बन्धित निकायभित्रै बाट अन्तिम लेखा परीक्षण हुनुभन्दा अगाडि गरिने लेखा परीक्षणलाई जनाउँछ । नेपालमा आन्तरिक लेखा परीक्षण भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट हुने आफ्नो जिल्ला भित्रका सरकारी कार्यालयहरूको लेखा परीक्षण भन्ने बुझिन्छ । आन्तरिक लेखा परीक्षण सुधारात्मक लेखा परीक्षण हो भन्न सकिन्छ । यसले अन्तिम लेखा परीक्षणलाई सहयोग पुऱ्याउने र अन्तिम लेखा परीक्षणबाट कायम हुनसक्ने बेरुजुलाई अगाडि नै पहिचान गरी सुधार गर्ने कार्य गर्दछ ।

## आन्तरिक लेखा परीक्षणको उद्देश्य

आन्तरिक लेखा परीक्षणले व्यवस्थापनलाई संस्थाको आर्थिक कारोवार परीक्षणका आधारमा कारोवारको सञ्चालन नियम सङ्गत भएको, संस्थाको सम्पत्तिको संरक्षण भएको, कारोवारका क्रममा जालसाजी वा त्रुटिहरू नभएको लगायतका विषयहरूमा विश्वस्त गर्ने उद्देश्य राखेको हुन्छ । यस बाहेक आन्तरिक लेखा परीक्षणका अन्य उद्देश्यहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

(अ) बेरुजुलाई समयमै पहिचान गरी फछ्र्यौट गर्न लगाएर अनियमित कारोवारको नियन्त्रण गर्नु,
(आ) स्वच्छ सन्तुलित नियम सङ्गत आर्थिक व्यवस्थापनमा सहयोग पुऱ्याउनु,
(इ) स्रेस्ताहरू ठिक तथा दुरुस्त राख्न लगाई अन्तिम लेखा परीक्षणलाई सहयोग पुऱ्याउनु,
(ई) सङ्गठनको आन्तरिक नियन्त्रण प्रणलीलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनु ।

## आन्तरिक लेखा परीक्षणको क्षेत्र

महालेखा नियन्त्रक कार्यालयको आन्तरिक लेखा परीक्षण निर्देशिकाले आन्तरिक लेखा परीक्षणको क्षेत्र निम्नानुसार निर्धारण गरेको छ :

(अ) वित्तीय कारोवारको गणितीय शुद्धताको परीक्षण,
(आ) प्रचलित कानुनको पालना भए/नभएको परीक्षण
(इ) वित्तीय साधनको उपयोग मितव्ययी, दक्षता र प्रभावकारी रूपमा भए/नभएको परीक्षण
(ई) स्वीकृत वार्षिक कार्यक्रमका निर्धारित लक्ष्य प्राप्ति गरे/नगरेको परीक्षण
(उ) वित्तीय प्रतिवेदनहरूले आर्थिक कारोवारको सही र यथार्थ चित्रण प्रस्तुत गरे/नगरेको परीक्षण
(ए) सङ्गठनले अपनाएको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन

## आन्तरिक लेखा परीक्षणको महत्त्व

आन्तरिक लेखा परीक्षणको महत्त्वलाई यसप्रकार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

(अ) त्रुटि, हिनामिना, फछ्र्यौट समयमै पहिचान गरी सुधार गर्न सकिने ।
(आ) स्थलगत रूपमा गरिने भएकाले कारोवारको स्पष्ट जानकारी भई तथ्ययुक्त समीक्षा सम्भव हुने
(इ) अघिल्लो पटक कारोवारमा देखिएका त्रुटिहरू सच्याए नसचयाएको अनुगमन गर्न सजिलो हुने
(ई) कारोवारको यथार्थ अवस्थाको समयमै जानकारी गराई निर्णय निर्माणमा सघाउन सकिने
(ए) अन्तिम लेखा परीक्षणमा स्रेस्ता पेश गर्दा स्रेस्ताको शुद्दताको विषयमा आश्वस्त हुन सकिने
(ऐ) अन्तिम लेखा परीक्षणलाई कार्यमूलक तुल्याउन सहयोग पुग्ने
(ओ) आतरिक नियन्त्रण प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाउन मदत पुग्ने ।

## (ख) अन्तिम लेखा परीक्षण

कुनै पनि निकायको आर्थिक कारोवारहरूको वार्षिक अभिलेख वा लेखाको सामान्यतया आर्थिक वर्षको अन्त्यमा एक स्वतन्त्र लेखा परीक्षकद्वारा परीक्षण गरी प्रतिवेदन दिने कार्यलाई अन्तिम लेखा परीक्षण भनिन्छ । नेपालका सार्वजनिक निकायहरूको सन्दर्भमा महालेखा परीक्षकको कार्यालयबाट हुने लेखा परीक्षण नै अन्तिम लेखा परीक्षण हो । अन्तिम लेखा परीक्षण अन्तगत नियमितताको लेखा परीक्षण, वित्तीय लेखा परीक्षण र कार्यमूलक लेखा परीक्षण पर्दछन् ।

### अन्तिम लेखा परीक्षणको उद्देश्य :

अन्तिम लेखा परीक्षणका उद्देश्यहरूलाई निम्नबमोजिम प्रस्तुत गर्न सकिन्छ :

(क) आर्थिक कारोवारमा भूल, गल्ती र छलकपट पत्ता लगाई सुधार गर्नु र भविष्यमा तिनीहरूलाई दोहोरिन नदिनु,
(ख) आर्थिक हिनामिना र फछ्र्यौट पत्ता लगाई कानुनी कारवाही गराई असुल उपर गराउनु,
(ग) साङ्गठनिक कारोवारमा आर्थिक नियन्त्रण र आन्तरिक नियन्त्रणको स्थितिलाई शुदृढ बनाउनु,
(घ) व्यवस्थापनको दक्षता, कार्यकुशलता र योगदानमा अभिवृद्धि गर्नु,
(ङ) स्रोत साधन र सर्वाजनिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्नु,
(च) प्रक्रिया एवम् सङ्गठनात्मक ढाँचामा गर्नुपर्ने सुधारहरू औंल्याउनु,
(छ) प्रत्येक आर्थिक कारोवार नियमित, मितव्ययी, प्रभावकारी र औचित्यपूर्ण ढङ्गले गराउन अभिप्रेरित गर्नु,
(ज) सङ्गठनको उद्देश्यअनुरूप सेवाको गुणस्तर कायम राख्न मदत गर्नु,
(झ) वित्तीय जवाफदेहिता, पारदर्शिता र अनुशासन कायम गर्न सघाउ पुर्‍याउनु ।

### अन्तिम लेखा परीक्षणको महत्त्व

(क) सरकारी स्रोत साधनको दुरूपयोग, हानी, नोक्सानी र भ्रष्टाचार नियन्त्रण गर्न,
(ख) आर्थिक प्रशासनलाई व्यवस्थित, स्वच्छ, पारदर्शी र जवाफदेही बनाउन,
(ग) सरकारको कार्यसम्पादनमा सुधारका लागि विद्यमान नीति, प्रक्रिया र सङ्गठन संरचनामा आवश्यक सुधारको सुझाव दिन,
(घ) सार्वजनिक खर्चको औचित्य, प्रभावकारिता, नियमितता, कार्यदक्षता र मितव्ययिता मापन गरी आर्थिक अनुशासन र सदुपयोग कायम गर्न,
(ङ) सरकारी स्रोत साधनको परिचालनमा प्रभावकारिता र कार्य दक्षता कायम गरी विकास प्रशासनलाई प्रभावकारी बनाउन,
(च) आर्थिक अनुशासनद्वारा समग्र प्रशासनिक संयन्त्रको वित्तीय छवी उच्च बनाउनु ।

## (ग) नियमितताको लेखा परीक्षण

नियमितताको लेखा परीक्षण आर्थिक कारोवारहरू प्रचलित ऐन, नियम, विधि, प्रचलन र प्रक्रिया अनुसार भए नभएको र तिनको लेखा नियमानुसार राखिए नराखिएको कुराको परीक्षणमा केन्द्रित रहन्छ ।

## (घ) वित्तीय लेखा परीक्षण

वित्तीय लेखा परीक्षणले वित्तीय स्थिति तथा प्रचलित कानुनको पालना भए नभएको विषयमा राय दिने उद्देश्यले वित्तीय तथ्याङ्कलाई उपयोग गरी संस्थाको वित्तीय विवरण, वित्तीय स्थिति, कारोवारको नतिजा र नगद प्रवाहमा आएको परिवर्तनलाई लेखाको सामान्य सिद्धान्त अनुसार समुचित ढङ्गले प्रस्तुत गरिएको

छ/छैन र वित्तीय स्थितिमा तात्विक असर पार्ने खालका कारोवार प्रचलित कानुनअनुसार भएका छन्/छैनन भन्ने कुराको परीक्षण गर्दछ । वित्तीय लेखा परीक्षणले संस्थाको आफ्नो उद्देश्य हासिल गर्ने तथा लक्षित समूहलाई सेवा पुऱ्याउने सन्दर्भमा कुन हदसम्म सफलता प्राप्त गरेको छ भन्ने बारेमा टिप्पणी गर्दैन । न त यसले संस्थाको कार्यक्रम वा आयोजनाको मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा सुधार ल्याउन सुझाव नै दिन्छ । त्यसकारण वित्तीय लेखा परीक्षणका प्रमुख सरोकारका विषय भनेको नियमितता र औचित्य हुन् ।

**(ङ) कार्यमूलक लेखा परीक्षण**

कार्यमूलक लेखा परीक्षणले मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका साथै कानुनी परिपालना एवम् औचित्यको दृष्टिबाट समेत कार्यक्रम, आयोजना, सङ्गठन, सञ्चालन वा कुनै क्रियाकलापको मूल्याङ्कन र परीक्षण गरी त्यसमा रहेका कमी कमजोरीको कारण र त्यसले पार्ने प्रभावका बारेमा सुझाव समेत प्रस्तुत गरी प्रतिवेदन दिन्छ । कार्यमूलक लेखा परीक्षकले संस्थाले निर्दिष्ट उद्देश्य हासिल गर्न र लक्षित समूहलाई सेवा पुऱ्याउन कुन हदसम्म सफलता पाएको छ भन्ने कुराको मूल्याङ्कन गर्छ र संस्थाको कार्यसञ्चालनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि गर्न सुझाव दिन्छ ।

## नेपालमा लेखा परीक्षणको अभ्यास

नेपालमा मल्लकालदेखि नै सरकारी कारोवारमा लेखा परीक्षण गर्न सुरु गरिएको पाइन्छ । वि.सं. १८२६ मा कुमारी चोक अड्डाको स्थापना भएपछि नेपालमा पहिलो पटक सरकारी स्तरमा लेखा परीक्षण कार्यको प्रारम्भ भएको हो । त्यसपछि राणाकालसम्म र पछि कुमारी चोकले नै सरकारी स्रेस्ताको जाँच गर्थ्यो । वि.सं. २००८ सालमा महालेखापाल कार्यालयको स्थापना गरी अड्डालाई यसअन्तर्गत राखियो । वि.सं. २०१५ सालको संविधानले महालेखा परीक्षकको व्यवस्था गरेपछि सोही अनुरूप वि.सं. २०१६ सालमा महालेखा परीक्षण ऐन जारी गरी लेखा परीक्षणलाई कानुनी आधार प्रदान गरियो । नेपालको संविधान, २०१९ मा महालेखा परीक्षकको विभागको व्यवस्था गरी अन्तिम लेखा परीक्षणलाई संवैधानिक निकाय अन्तर्गत पारियो ।

नेपालमा सरकारी कार्यालयहरूको आन्तरिक लेखा परीक्षण गर्ने कार्यको औपचारिक सुरुआत वि.सं. २०१८ सालदेखि (विनियोजन खर्च तर्फ मात्र) सम्बन्धित विभागद्वारा सुरु गरियो । पछि गएर वि.सं. २०२९ सालदेखि तत्तकालीन महालेखापाल कार्यालयद्वारा आन्तरिक लेखा परीक्षणको कार्य सञ्चालन हुँदै आएको देखिन्छ । सरकारी रकम असुल फर्स्योट नियमहरू २०२७ मा औपचारिक रूपमा आन्तरिक लेखा परीक्षणको परिभाषा गरिएकोमा सरकारी आयव्यय सञ्चालन (कार्यविधि) नियमावली २०३८ प्रारम्भ भएपछि आन्तरिक लेखा परीक्षणबारे सम्पूर्ण व्यवस्था यसै नियमावलीमा गरियो । वि.सं. २०५५ सालमा आएर आन्तरिक लेखा परीक्षण सम्बन्धी व्यवस्था आर्थिक कार्यविधि ऐन २०५५ मा समावेश भए पश्चात् आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ अनुसार आन्तरिक लेखा परीक्षण सम्पन्न हुन थाल्यो । हाल आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम आन्तरिक लेखा परीक्षण सम्बन्धी कार्य हुँदै आएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १३ मा महालेखा परीक्षकसम्बन्धी व्यवस्था गरिएको छ भने लेखा परीक्षण ऐन, २०४८ ले लेखा परीक्षणका विभिन्न पक्षहरू प्रक्रियाहरूका सम्बन्धमा व्यवस्था गरेको छ ।

## विद्यमान समस्याहरू

नेपालको लेखा परीक्षणमा रहेको प्रमुख समस्याहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

(क) लेखा परीक्षणको दायराभित्र नीतिगत विषयलाई समेट्न नसकिएको,

(ख) स्थानीय निकायका, गैरसरकारी संस्था र निजी ठेकेदारहरू (जसको समेत सार्वजनिक कोषको उपयोग र बजेट कार्यान्वयनमा संलग्नता रहन्छ) लेखा परीक्षणको दायरा बाहिर रहनु,

(ग) लेखा परीक्षण वित्तीय परिपालना र नियमितता जस्ता प्रक्रियागत कुरामा सीमित भई कार्यमूलक लेखा

परीक्षणको अवलम्बन नहुनु,

(घ) लेखा परीक्षण कार्यमा विशेषज्ञताको अभाव हुनु,

(ङ) अनुसन्धानात्मक लेखा परीक्षणको अभावमा करोवारको जालसाजी जस्ता पक्षहरू ओझेलमा पर्नु ।

(च) सार्वजनिक लेखा समितिको भूमिका सिर्जनशील र प्रोत्साहन कार्य

(छ) आधुनकि एवम् विद्युतीय अभिलेख प्रणालीको उपयोग हुन नसक्नु

(ज) जोखिम क्षेत्र पहिचान गरी लागतप्रभावी लेखा परीक्षण सञ्चालन गर्न नसक्नु

(झ) यथार्थपरक तथ्यहरूको विश्लेषणका आधारमा वस्तुपरक, व्यवहारिक र स्पष्ट सुझावहरू दिन नसक्नु,

(ञ) लेखा परीक्षण र सम्परीक्षण एउटै निकायबाट हुने हुँदा बेरुजु फछ्र्यौटमा कठिनाइ हुनु,

(ट) लेखा परीक्षक र लेखा परीक्षण गराउने निकायबिच प्रभावकारी सञ्चार सम्पर्क कायम हुन नसक्नु,

(ठ) लेखाका अभिलेखहरू सुरक्षित र अद्यावधिक राख्न नसकनु,

(ड) आन्तरिक लेखा परीक्षणको उपयोग र प्रभावकारितामा उदाशीनता देखाउनु,

(ढ) आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणबिचमा प्रभावकारी अन्तरसम्बन्ध स्थापना नहुनु,

## सुधारका लागि सुझाव

नेपालमा लेखा परीक्षण सम्बन्धमा देखिएका माथि उल्लिखित समस्याहरूको समाधानका लागि देहायका सुधारका उपायहरूको अवलम्बन हुनु आवश्यक छ :

(क) लेखा परीक्षणलाई नियमितता प्रमाणित गर्ने औजारमा सीमित नराखी कार्यमूलक लेखा परीक्षणको कार्यान्वयन गर्ने,

(ख) महालेखा परीक्षकको कार्यशैली र कार्यप्रक्रियामा समय सापेक्षा सुधार गर्ने,

(ग) कर्मचारीहरको दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम तथा प्रशिक्षण र प्रोत्साहन दिने,

(घ) जोखिमको आधारमा लेखा परीक्षण गर्ने परिपाटी बसाली सार्वजनिक खर्चको मूल्य सार्थकता खोजी गर्ने,

(ङ) आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाई यसको अन्तिम लेखा परीक्षणसँग सशक्त अन्तरसम्बन्ध कायम गर्ने,

(च) लेखा प्रणाली र लेखा परीक्षणका मापदण्डहरूको विकास गरी कार्यान्वयन गर्ने,

(छ) लेखा परीक्षण अनुगमनको प्रभावकारी व्यवस्था गर्ने,

(ज) बेरुजु सम्परीक्षणको लागि छुट्टै संयन्त्रको व्यवस्था गर्ने,

(झ) सबै वैदेशिक सहायताको लेखा परीक्षणमा महालेखा परीक्षाको पहुँच रहने व्यवस्था गर्ने,

(ञ) स्थानीय निकाय, गैर सरकारी संस्था र निजी ठेकेदारहरू समेतलाई लेखा परीक्षणको दायराभित्र ल्याउने,

(ट) अनुसन्धानात्मक लेखा परीक्षणमा जोड दिने, लेखा परीक्षणको क्रमशः सप्रमाण कागजात सङ्कलनमा विशेष ध्यान दिने,

(ठ) तोकिएको समयभित्र वेरुजु फर्स्यौट गर्नुपर्ने कानुनी व्यवस्थालाई कडाइका साथ लागु गर्ने, बेरुजु फछ्र्यौटलाई वृत्ति विकाससँग आबद्ध गर्ने ।

माथि उल्लिखित उपायहरू अवलम्बन गरी नेपालको लेखा परीक्षण प्रक्रियालाई प्रभावकारी र समयसापेक्षा बनाई सार्वजनिक स्रोत जनहितका लागि प्रयोग गराउन सकिन्छ ।

## निश्कर्ष

सार्वजनिक स्रोतको प्रयोग कानुनसङ्गत तरिकाले प्रभावकारी एवम् औचित्यपूर्ण रूपमा भएमा सरकारलाई जनविश्वास हासिल गर्न समेत सघाउ पुग्दछ । त्यसैले नियम कानुनको सही परिपालना, जनशक्ति विकास, आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाउने, बेरूजु सम्परीक्षणका लागि छुट्टै संयन्त्रको विकास गर्ने आदि उपायहरूमार्फत् लेखापरीक्षणलाई प्रभावकारी बनाई जनतालाई सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ । त्यसैले लेखा परीक्षणलाई आर्थिक सुशासनको एक शक्तिशाली औजार मानिन्छ ।